# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड: ०६** **संख्या: ०३** **मिति: २०८०/०५/२९**

**भाग-२**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## भानु नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी संसोधित कार्यविधि, २०७५

प्रमाणिकरण मिति: २०८०/०५/२७

**संसोधन वा थप गरिएको विवरण:**

दफा ४ को (घ) पछि (ङ), (च), (छ), (ज), (झ) (ञ) निम्नानुसार थप गरिएको:

(ङ) अधिकृतस्तरको कर्मचारी करार सेवामा पदपूर्ति गर्नको लागि सम्वन्धीत पद, श्रेणी, सेवा, समुह, उपसमुहको सम्बन्धमा कार्यविधि, निर्देशिका, मापदण्ड आदिमा लिखित परीक्षाको सम्वन्धमा तोकिएको खण्डमा सोही बमोजिम र नतोकिएको अवस्थामा १०० अकंको वस्तुगत (वहुवैकल्पिक) परीक्षा लिने । लिखित परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा सामान्य ज्ञानको अंकभार ४० र सम्बन्धीत विषयवस्तुको ज्ञानको अंकभार ६० गरी कुल १०० अंकभारको प्रश्नपत्र निर्माण गर्नुपर्नेछ ।

(च) परीक्षार्थीले वस्तुगत (वहुवैकल्पिक) प्रश्नका उत्तरपुस्तिका सिटमा उपयुक्त विकल्प उल्लेख गर्नुपर्नेछ। यदि कुनै प्रश्नको विकल्प संकेत गर्न नचाहेमा खालि कोष्ठमा (-) चिन्ह अंकित गर्नुपर्नेछ।

(छ) कुनै प्रश्नको गलत विकल्प संकेत गरेमा प्रत्येक गलत विकल्पको २० प्रतिशत अंक घट्ने (कट्टा) हुनेछ।

(ज) उक्त लिखित परीक्षामा ४० अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई मात्र अन्तरवार्ता परीक्षामा सम्मिलित गर्ने।

(झ) अन्तरवार्ताको अंकभार २० अकं हुनेछ। यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) अंकको सीमा भित्र रही प्रदान गर्नुपर्नेछ।

(ञ) सहायक स्तरको कर्मचारी सेवा करारमा पदपूर्ति गर्दा सम्वन्धीत सेवा समुहको कर्मचारी पदपूर्ति सम्वन्धी कार्यविधि, निर्देशिका वा मापदण्डमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकिएको अवस्थामा भानु नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ बमोजिम गरिनेछ।

आज्ञाले
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत